# एसबीएस आचारसंहिताबारे

एसबीएस एक स्वतन्त्र राष्ट्रिय सार्वजनिक टेलिभिजन, रेडियो र डिजिटल मिडिया सेवा हो जसले **आफ्नो अधिकार पत्र**मा उल्लेख गरिए अनुसार अस्ट्रेलियाली समुदाय प्रति आफ्नो जिम्मेवारी निर्वाह गर्दछ। अस्ट्रेलियाली सरकारको लगानी र विज्ञापन जस्ता आम्दानीका व्यवसायिक श्रोतका साथ् हामी संचालनमा रहेका छौं।



हाम्रा सेवाहरु मार्फत हामी विशिष्ट अस्ट्रेलियाली कथा, स्थानीय र अन्तर्राष्ट्रिय समाचार र समसामयिक विषयवस्तु, खेलकुद, अन्तर्राष्ट्रिय नाटक र वृत्तचित्रहरू, खाना, चलचित्र, र ६० भन्दा बढी भाषामा स्थानीय रेडियो सेवाहरु प्रस्तुत गर्दछौं। हामी पहिलो राष्ट्रहरुका कथाहरुको घर पनि हौँ, जसका लागि राष्ट्रिय आदिवासी टेलिभिजन (एनआइटिभी) द्वारा आदिवासी दृष्टिकोणमा आधारित रहेर कार्यक्रमहरु प्रस्तुत गर्दछ।

हाम्रा सामग्रीहरुले सामुदायिक अपेक्षाहरुलाई पूरा गरेको सुनिश्चित गर्न हामीसंग एसबीएस आचारसंहिता रहेको छ, जसमा एसबीएस द्वारा प्रस्तुत गरिने सम्पूर्ण सामग्रीहरुका लागि नियम र मापदण्ड तोकिएका छन्, चाहे तपाईंले ती सामग्रीहरु टेलिभिजन, रेडियो, अनलाइन, वा सामाजिक संजाल मध्ये कुनैबाट प्रयोग गर्नुहुने भएता पनि।

**आचारसंहितामा निम्न महत्वपूर्ण मामिलाहरु समावेश गरिएका छन्।**

## विश्वसनीयता

### हामीले कसरी विश्वसनीय र सान्दर्भिक विषयवस्तु प्रस्तुत गर्दछौं

- हामीले प्रस्तुत गर्ने विषयवस्तुबारे हामी स्वतन्त्र रूपमा निर्णय गर्छौं।
- हाम्रा समाचार र समसामयिक विषयवस्तुहरु सही, सन्तुलित र निष्पक्ष, अनि जनहीतका लागि रहेका छन्।
- हामी सर्वसमावेशी विचारधारा र दृष्टिकोणहरुलाई अँगाल्छौं - हाम्रा सामग्रीहरु नवीनतम र चुनौतीपूर्ण रहनुका साथै विवादास्पद र उत्तेजनात्मक पनि रहन सक्दछन्।

## पारदर्शिता

### हामीले प्रस्तुत गर्ने सामग्रीहरुको छनौट गर्न तपाईंलाई कसरी सहयोग गर्छौं

- तपाईं र तपाईंको स्याहारमा रहेका कुनै बालबालिका र युवायुवतीहरुका लागि उपयुक्त रहेको सामग्री छनौट गर्न तपाईलाई सहयोग गर्न जानकारी प्रदान गर्दछौं।
- हाम्रा सामग्री र विज्ञापन बीच भिन्नता रहेको हामी सुनिश्चित गर्दछौं र केहि प्रकारका विज्ञापनहरु कहाँ प्रस्तुत गरिनेबारे नियम पनि बनाउदछौं।
- संभावित पीडादायी सामाग्रीका लागि हामी संभावित दर्शकबारे विचार गर्दछौं, संवेदनशीलता अपनाउदछौं, उपयुक्त रहे चेतावनी जारी गर्दछौं, र सम्पादकीय रूपमा प्रासंगिक रहेको छ भने मात्र उक्त सामग्री प्रस्तुत गर्दछौं।

## सम्मान

### हामीले कसरी सम्मानको अभ्यास गर्नुका साथै यसलाई बढावा दिन्छौं

- सन्दर्भलाई ध्यानमा राख्दै हामी पूर्वस्थापित गलत बिचारहरुको अनुचित प्रयोग लगायत पूर्वाग्राही र विभेदकारी व्यवहारलाई बढावा दिने सामग्रीहरुलाई समावेश गर्दैनौं।
- हामी अंग्रेजी बाहेकका अन्य भाषाहरुमा सामग्रीहरु प्रस्तुत गर्दछौं र बिभिन्न प्रकारका विचारधाराहरुको अभिव्यक्तिलाई प्रोत्साहित गर्दछौं।
- हामी आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरुको सांस्कृतिक मूल्यमान्यताको पालना गर्नुका साथै आदिवासी मामिलाहरुबारे संवेदनशील रहेका छौं।
- हामी मानिसहरुको गोपनियताको सम्मान गर्छौं, जसलाई हाम्रो रिपोर्ट गर्ने दायित्वसंग सन्तुलित रूपमा राख्दछौं।

## उत्तरदायित्व

### हामी कसरी उत्तरदायी रहेका छौं।

- हाम्रा सामाग्री र सेवाहरुबारे प्रतिक्रिया दिने विकल्पहरु हामी तपाईंलाई उपलब्ध गराउछौं, चाहे त्यो प्रशंसात्मक वा आलोचनात्मक रहेता पनि।
- आचारसंहिता अन्तर्गत उजुरी गर्ने स्वतन्त्र प्रक्रिया हामी कहाँ रहेको छ, जसलाई एसबीएस अम्बुड्‌सम्यान द्वारा जांच गरिन्छ।




SBS

**थप जान्नुहोस्**

sbs.com.au/aboutus/sbs-code-of-practice